**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 09.04.2024**

**ईलेक्सन क्याम्पेङ**

राज्यको एकमात्र लोकसभा सीट र बत्तीस सदस्यीय विधानसभा समष्टिका लागि चुनाउ हुन अब दस दिन मात्र बाँकी छ। मतदान उन्नाइस अप्रेलका दिन हुनेछ। मतदानको मिति नजीकिँदै आएको हुँदा विभिन्न राजनीतिक पार्टीहरू चुनाउ प्रचार अभियान तीव्र हुँदै गइरहेछ। सत्ताधारी सिक्किम क्रान्तिकारी मोर्चा एसकेएम प्राटीले आज आफ्नो विजयी भवः चुनावी जनसभा लाचेन मंगन समष्टि अन्तर्गत नागामा आयोजित भयो। यसमा बोल्दै पार्टी अध्यक्ष तथा मुख्यमन्त्री श्री प्रेमसिंह तामङले चुनाउमा विजयी भएर पार्टीको सरकार गठन भएको खण्डमा उत्तर सिक्किम भ्रमण गर्ने पर्यटकहरूका लागि मंगनबाट नै अनुमति पत्र जारी गरिने घोषणा गर्नुभयो।

विगत पाँच वर्षको कार्यकालमा कोविड 19 र टिस्टा नदीमा बाड़ीको प्रकोप जस्ता कैंयौं चुनौतीहरूको सामना गर्नु परेको भएतापनि उहाँको पार्टीको सरकारले जनताको हितलाई सर्वोपरि राखेर काम गरेको दाबी गर्दै श्री तामङले भन्नुभयो एसकेएम पार्टीको सरकारले मात्र गुम्पा र लामाहरूलाई प्राथमिकता दिएर विभिन्न योजनाहरूको लाभ उपलब्ध गराएको छ। सत्रौं कर्मापा उगेन थिन्ले दोर्जीलाई सिक्किममा ल्याउन पार्टी वचनबद्ध रहेको कुरो बताउँदै उहाँले भन्नुभयो राज्यमा सबै वर्गका मानिसहरूलाई आवश्यक सुविधाहरू तथा सहुलियतहरू प्रदान गरिएको छ।

मुख्यमन्त्रीले चुङथाङको भलभाड़ीले क्षतिग्रस्त भएका भवनहरूलाई मौलिक आकृति अनुरूप पुनर्निमाण गरिने घोषणा पनि गर्नुभयो। आफ्नो वक्तव्यमा लाचेन मंगनका उम्मेद्वार शअरी साम्डुप लेप्चाले श्री प्रेमसिंह तामङ नेतृत्ववादी पहलहरूबारे प्रकाश पार्नुभयो। संघ सीटका प्रत्याशी श्री सोनाम लामा लोकसभा उम्मेदवार श्री इन्द्रहाङ सुब्बा, पार्टीका उपाध्यक्ष श्री जी टी लाचुङपा र पूर्व मन्त्री श्री कर्मा लोडे भुटियाले पनि सभालाई सम्वोधन गरे।

अर्कातिर पाकिममा आज चुनावी जनसभामा बोल्दै विपक्षी सिक्किम प्रजातान्त्रिक मोर्चा एसडिएफ का अध्यक्ष तथा पूर्व मुख्यमन्त्री श्री पवन चामलिङको पार्टीले चुनाउ जितेर सत्ता सम्हालेको खण्डमा पाकिम बजारलाई आधुनिकीकरण गरी इको सिटिमा रूपान्तरण गर्ने कार्यक्रम रहेको कुरो बताउनु भयो।

उहाँले पाकिम हवाईअड्डालाई पूर्ण रूपमा सञ्चालनमा ल्याउने, विमानस्थल तलको जमीनमा ग्रीन पार्क निर्माण गर्ने अनि पाकिममा आधुनिक बाहन विसौनी स्थल र जिल्ला अस्पताल निर्माणका साथै रम्फूमा इन्द्रकील प्रयाग, आसाम लिङजेमा गल्प कोर्ट, नाम्चेबुङमा आई टी पार्क र नाथाङ माचोङमा कालेजको स्थापना गर्ने घोषणा गर्नुभयो। सभालाई पश्चिम पाण्डम, रिनाक, छुजाचेन र नाथाङ माचोङका उम्मेदवारहरू सर्वश्री अनुप ठटाल, सोमनाथ पौड्याल, मणिकुमार गुरूङ र छिरिङ वाङदी लेप्चा अनि लोकसभा प्रत्याशी श्री पी डी राईले पनि सम्वोधन गरे।
प्रदेश भारतीय जनता पार्टी प्रदेश काँग्रेस सिटिजन एक्शन पार्टी सिक्किम र सिक्किम रिपब्लिकन पार्टीका विधानसभा र लोकसभा चुनाउ लड़ने प्रायः सबै उम्मेदवारहरू अनि निर्दलीय प्रत्याशीहरूले पनि जनतालाई सम्वोधन गर्दै मतदाताहरूसित चुनाउमा विजय गराउने अपील गरिरहेछन्।

**पोस्टल बेल्लट भोटिङ**

राज्यमा आम चुनाउ 2024 का लागि प्रायः सबै जिल्लामा पहिलो चरणको गृह मतदान अर्थात् होम भोटिङ समाप्त भएपछि डाक मतदान प्रक्रिया आजदेखि शुरू भएको छ। गेजिङ जिल्लामा स्थापना गरिएका क्योङसा स्टेडियम सुविधा केन्द्र प्रथममा मतदान कर्मीहरूमा पीठासीन अधिकारीहरूले र जिल्ला पञ्चायत भवन सुविधा केन्द्र द्वितीयमा जिल्ला पुलिस कर्मीहरूले मतदान गरे। जिल्लामा चुनाउ ड्युटीमा खटिएका सुविधा केन्द्रहरू स्थापना गरिएको छ। सोरेङ जिल्लाको सरकारी बी.एड कालेजमा अवस्थित सुविधा केन्द्रहरूमा जिल्ला पुलिस मतदान कर्मीहरू र सिक्किम सशस्त्र पुलिस कर्मीहरूले मदान गरे।

जिल्लामा पनि तीनवटा सुविधा केन्द्रहरू छन्। पाकिम जिल्लामा प्रथम वर्गका मतदान कर्मीहरूले डिक्लिङ उच्चतर माध्यमिक पाठशालाको सुविधा केन्द्रमा मतदान गरे। गान्तोकमा जिल्ला शिक्षा तथा प्रशिक्षण संस्थान डाइट(DIET)बुर्तकमा अवस्थित केन्द्रमा मतदान कर्मीहरूले गान्तोक नगर निगम जिएमसी क्षेत्र देउरालीमा जिल्ला पुलिस कर्मीहरू र सिक्किम सशस्त्र पुलिसले पाल्जोर स्टेडियममा खड़ा गरिएका केन्द्रहरूमा मताधिकारको प्रयोग गरे।

मंगन जिल्लाका जिल्ला पुलिस मतदान कर्मी र एसएपी जवानहरूका लागि डाक मतदान प्रक्रिया पेन्तोक स्थित डिईएसएमई (DESME) कार्यालय र आपतकालिन परिचालन केन्द्र ईओसी भवनमा सम्मपन्न भयो। डाक मतदान डिईएसएमई (DESME) कार्यालयमा आँउदो शुक्रवार र ईओसी ( EOC)भवनमा चौध तारीकसम्म हुनेछ।

**पोलिङ टिम ट्रेनिङ गेजिङ**

उत्तर सिक्किममा काबी लुङचोक समष्टीका मतदान टोलीहरूका लागि अन्तिम चरणको प्रशिक्षण सत्र मंगन जिल्ला प्रशासनिक केन्द्र चुनाउ हलमा आज सम्पन्न भयो। यसमा बोल्दै जिल्ला निर्वाचन अधिकारी श्री हेम कुमार छेत्रीले सुचारू रूपमा चुनाउ भएको सुनिश्चित गर्न पीठासीन र मतदान अधिकारीहरूको भूमिका महत्वपूर्ण रहने कुरो बताउनुभयो। दुई चरणको प्रशिक्षण सत्रमा डाकद्वारा मतदान सामग्रीहरूको समीक्षा ईभिएम र भिभिपेट संचालन जस्ता विभिन्न विषयहरूबारे अवगत गराइयो। उता गेजिङ जिल्लामा पनि सरकारी कन्या उच्चतर माध्यमिक विद्यालय क्योङसाको प्रेक्षागृहमा पहिलो ब्याचका जिल्ला अधिनका मतदान टोलीहरूलाई इलेक्ट्रोनिक भोटिङ मशिन सम्वन्धमा जानकारी प्रदान गरियो। यसवाहेक मतदान सामग्री प्रबन्धन चुनावी प्रक्रिया र मतदान टीमको दायित्वबारे पनि अवगत गराइयो।